नेरेसो

# रेडक्रस

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५८, अङ्क २ | २०८३ भदौ | August- September 2026

## "मानवताका लागि एकताबद्ध होऔँ" नाराका साथ मनाइयो नेपाल रेडक्रस स्थापना दिवस



काठमाडौँ, १९ भदौ २०८३ । नेपाल रेडक्रस सोसाइटीको ६४औँ स्थापना दिवस "मानवताका लागि एकताबद्ध होऔँ" (United in Humanity) भन्ने नाराका साथ मनाइएको छ ।

कार्यक्रमको शुभारम्भमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा.विशालकुमार भण्डारी, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसर र रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी) का नेपाल प्रमुख सन्देश श्रेष्ठबाट संयुक्त रूपमा झण्डोत्तोलन गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा. विशालकुमार भण्डारीले मानवताको सेवामा नेपाल रेडक्रस सोसाइटीले निर्वाह गर्दै आएको भूमिकालाई अझ प्रभावकारी र परिणाममुखी बनाउन सबै रेडक्रसकर्मी, स्वयंसेवक तथा साझेदारबिचको सहकार्य, एकता र सामूहिक प्रतिबद्धतालाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो ।

डा.भण्डारीले नेपाल रेडक्रसको मानवीय अभियानलाई सफल र प्रभावकारी बनाउन निस्वार्थ भावनाका साथ खटिने स्वयंसेवक नै रेडक्रसका वास्तविक आधारस्तम्भ र अभियानका प्रमुख शक्ति भएको उल्लेख गर्दै स्वयंसेवकहरूको योगदानको उच्च प्रशंसा गर्नुभयो । साथै, विपद् तथा मानवीय सङ्कटका बेला समुदायको आवश्यकता पहिचान गरी समयमै प्रभावकारी सहायता पुऱ्याउन तथा बदलिँदो मानवीय आवश्यकता र चुनौतीअनुसार रेडक्रसका सेवा तथा अभियानलाई थप प्रभावकारी, समावेशी र परिणाममुखी बनाउँदै लैजानुपर्ने बताउनु भयो ।

कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्दै नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले नेपाल रेडक्रस स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुभयो । उहाँले मानवताको सेवा र मानवीय मर्यादाको संरक्षण गर्नु रेडक्रस अभियानको मूल भावना रहेको उल्लेख गर्दै स्थापना दिवसको अवसरमा सबै रेडक्रसकर्मी, स्वयंसेवक, साझेदार तथा शुभेच्छुकहरूलाई मानवताका लागि अझ एकताबद्ध भएर काम गर्न आह्वान गर्नुभयो ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसरले नेपाल रेडक्रससँगको सहकार्यको प्रशंसा गर्दै विपद् प्रभावित समुदायका लागि स्वास्थ्य, स्वच्छता, पारिवारिक सम्पर्कको पुनर्स्थापना, मनोसामाजिक परामर्श तथा बालमैत्री स्थानलगायतका क्षेत्रमा भइरहेको प्रतिकार्यको सराहना गर्नुभयो । उहाँले मानवीय सङ्कटका समयमा प्रभावकारी सहायता पुऱ्याउन सामूहिक प्रयास र सहकार्य भइरहेको बताउनुभयो ।

दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी) का नेपाल प्रमुख सन्देश श्रेष्ठले मानवीय मूल्य, सिद्धान्त र सेवाभावलाई प्राथमिकतामा राख्दै रसुवा बाढी प्रतिकार्यमा पारिवारिक पुनर्स्थापना, शव व्यवस्थापन तथा मानवीय मर्यादा र संरक्षणका क्षेत्रमा नेपाल रेडक्रसले गरेको कार्यको प्रशंसा गर्नुभयो । उहाँले प्रतिकार्यका क्रममा देखिएका चुनौतीबिच प्रभावित परिवारसम्म प्रभावकारी सहायता पुऱ्याउन नेपाल रेडक्रस र आइसीआरसीबिच निरन्तर सहकार्य भइरहेको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी काठमाडौँ जिल्ला शाखाका सभापति श्यामकाजी डोटेलले नेपाल रेडक्रसले विपद्का समयमा मात्र नभई समुदायस्तरमा निरन्तर मानवीय सेवा गरिरहेको र रेडक्रससँग आबद्ध स्वयंसेवक तथा युवाहरूले नि:स्वार्थ सेवाभावका साथ समाजमा योगदान पुऱ्याउँदै मानवीय मूल्य र सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतारिरहेको बताउनुभयो ।

त्यस्तै युथ रेडक्रस सर्कल, पद्मकन्या क्याम्पसकी अध्यक्ष पूर्णीमा मैनालीले नेपाल रेडक्रससँग आबद्ध भएर मानवीय सेवामा जोडिन पाउँदा आफूलाई गर्व लागेको बताउनुभयो । उहाँले नेपाल रेडक्रसले नि:स्वार्थ सेवा गर्न सिकाउनुका साथै "समाजबाट म के पाउँछु?" भन्दा "समाजलाई म के दिन सक्छु?" भन्ने भावना जागृत गराएको र यसले युवामा मानवीय भावना, सेवाभाव र सामाजिक उत्तरदायित्वको भावना अझ बलियो बनाउन सहयोग गरेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका पदाधिकारी तथा सदस्यहरू र कर्मचारीहरू, स्वयंसेवकहरू, आइएफआरसीका प्रतिनिधि तथा कर्मचारीहरू, आइसीआरसीका प्रतिनिधि, साझेदार राष्ट्रिय सोसाइटीहरूका प्रमुख तथा प्रतिनिधि र कर्मचारीहरूलगायतको उपस्थिति रहेको थियो ।

# सम्पादकीय

## तयारीदेखि पुनर्स्थापनासम्मः नेपाल रेडक्रसको निरन्तर प्रतिवद्धता

विपद् आउँछ, प्रहार गर्छ र जान्छ। तर त्यसले छाडेको पीडा, क्षति र अनिश्चितता सहजै अन्त्य हुँदैन। भूकम्पको धक्का होस् वा बाढीको बहाव, महामारीको त्रास होस् वा पहिरोको प्रकोप हरेक विपद्ले हामीसँग तीनवटा महत्वपूर्ण पक्षमा तयारी खोज्छ: विपद्अघिको पूर्वतयारी, विपद्को समयमा प्रभावकारी प्रतिकार्य र विपद्पछिको दीर्घकालीन पुनर्स्थापना। नेपाल रेडक्रस सोसाइटीका मानवीय गतिविधिहरूले यी तीनवटै पक्षलाई एकीकृत गर्दै समुदायको जीवनरक्षा, संरक्षण र पुनर्निर्माणमा योगदान पुऱ्याउँदै आएका छन्।

गोरखा भूकम्पदेखि जाजरकोट-रुकुम पश्चिम भूकम्पसम्म, कोभिड-१९ महामारीदेखि डेंगी प्रकोपसम्म र पछिल्लो रोशी बाढी तथा रसुवा-भोटेकोशी सम्मका घटनाले नेपालको विपद् व्यवस्थापन प्रणालीलाई पटक-पटक परीक्षण गरेका छन्। यी अनुभवले विपद् प्रतिकार्यको प्रभावकारिता विपद् आएपछि परिचालित हुने जनशक्ति र सामग्रीमा मात्र निर्भर नहुने, बरु वर्षौंअघि गरिएका तयारी, स्थानीय स्वयंसेवकको क्षमता र समुदायसँगको सम्बन्धमा आधारित हुने पाठ सिकाएका छन्। विपद् व्यवस्थापनमा पूर्वतयारी सबैभन्दा महत्वपूर्ण लगानी हो। जोखिम पहिचान, समुदायमा सचेतना, स्वयंसेवकको क्षमता विकास, पूर्वसूचना प्रणाली र स्थानीय तहको प्रतिकार्य क्षमता अभिवृद्धिले विपद्को क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ। रसुवा र भोटेकोशी बाढीपछि प्रभावित क्षेत्रमा लामो समयदेखि सक्रिय स्वयंसेवक तत्काल परिचालित हुन सक्नु स्थानीय तयारी र संस्थागत क्षमताको उदाहरण हो।

विपद्का समयमा जीवनरक्षा र आधारभूत आवश्यकता पूर्ति प्राथमिकताका विषय हुन्। रसुवा बाढीपछि नेपाल रेडक्रसले उद्धार, राहत, अस्थायी आश्रय, स्वास्थ्य, खानेपानी, सरसफाइ, परिवार सम्पर्क पुनर्स्थापना र बाल संरक्षणका गतिविधि सञ्चालन गरेको छ। सडक अवरुद्ध दुर्गम क्षेत्रमा हेलिकप्टरमार्फत राहत पुऱ्याइएको छ भने प्रभावितका लागि हेल्प डेस्क, हटलाइन र मोबाइल चार्जिङ सुविधा उपलब्ध गराइएको छ। यसले राहतसँगै सूचना र सञ्चारको महत्व देखाउँछ। तर विपद्को चुनौती राहत वितरणपछि पनि जारी रहन्छ। घर गुमाएका परिवारलाई सुरक्षित आवास, जीविकोपार्जन, स्वास्थ्य, शिक्षा र आत्मसम्मान पुनर्स्थापित गर्न दीर्घकालीन सहयोग आवश्यक हुन्छ। रसुवा बाढीको एक महिनापछि पनि विस्थापित समुदायमा आवास, खानेपानी, स्वास्थ्य र मनोसामाजिक सहयोगको खाँचो छ। रेडक्रसले गैरखाद्य सामग्री, त्रिपाल, म्याट्रेस, कम्बल, स्वास्थ्य तथा मनोसामाजिक सहयोग र बहुउद्देश्यीय नगद सहायता उपलब्ध गराएको छ। नगद सहायताले परिवारलाई आफ्नै प्राथमिकताअनुसार आवश्यकता पूरा गर्ने अवसर दिन्छ।

पुनर्स्थापना छोटो अवधिमा सम्पन्न हुने कार्य होइन। जाजरकोट-रुकुम पश्चिमका भूकम्प प्रभावित समुदायको पुनर्निर्माणका आवश्यकता र रोशी बाढीपछिका क्षति आकलन तथा पुनर्स्थापनाका प्रयासले यसको दीर्घकालीन प्रकृति स्पष्ट पार्छन्। रसुवामा पनि घरधुरी क्षति आकलन, भग्नावशेष व्यवस्थापन, सुरक्षित अस्थायी आश्रय र स्थानीय सरकारसँगको समन्वय आगामी प्राथमिकतामा रहेका छन्। यद्यपि, क्षतिग्रस्त पूर्वाधार, दुर्गम भौगोलिक अवस्था, स्रोतसाधनको सीमितता र प्रभावित परिवारका विविध आवश्यकताले पुनर्स्थापनाको यात्रा चुनौतीपूर्ण बनाएका छन्। यस्तो अवस्थामा तत्कालीन राहतसँगै दीर्घकालीन आवश्यकता पहिचान, उपलब्ध स्रोतको प्रभावकारी परिचालन र सबै सरोकारवालाबिच निरन्तर समन्वय अपरिहार्य हुन्छ। आजको पुनर्स्थापनाले भोलिको तयारीलाई सबल बनाउँछ भने आजको तयारीले भोलिको प्रतिकार्यलाई प्रभावकारी बनाउँछ। नेपाल रेडक्रस सोसाइटी विगतका अनुभवलाई आत्मसात् गर्दै विपद्को हरेक चरणमा समुदायसँगै हिँड्ने प्रतिबद्धतामा अडिग छ। किनभने मानवीय सेवा राहत वितरणसँगै समाप्त हुँदैन; प्रभावित समुदायले सुरक्षित, सम्मानजनक र आत्मनिर्भर जीवन पुनः सुरु नगरेसम्म रेडक्रसको यात्रा निरन्तर रहन्छ।

**प्रधान सम्पादक : ऋषिरमण खनाल**
**कार्यकारी सम्पादक : विपुल न्यौपाने**
**सहायक सम्पादक : सुशीला ढकाल**

## भूकम्प प्रभावित लोमान्थाङमा गैह्रखाद्य सामग्री वितरण

मुस्ताङ, भदौ ३१ गते। उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा भदौ २३ गते राति गएको भूकम्पबाट प्रभावित समुदायलाई नेपाल रेडक्रस सोसाइटीले राहत सामग्री वितरण गरेको छ।

भूकम्प प्रभावित क्षेत्रको अनुगमनका क्रममा मुस्ताङका सङ्घीय सांसद, गण्डकी प्रदेश सरकारका मन्त्री तथा स्थानीय सरोकारवालाहरूसँग भेट गरी भूकम्प प्रभावितको अवस्था तथा नेपाल रेडक्रसको राहत प्रयासबारे जानकारी आदान-प्रदान गरिएको थियो।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्ष तथा जिल्ला विपद् व्यवस्थापन समितिका प्रतिनिधिसँगको बैठकमा राहत वितरण र प्रभावितको तत्काल आवश्यकताबारे समेत छलफल गरिएको थियो।



नेपाल रेडक्रस सोसाइटी मुस्ताङ जिल्ला शाखामार्फत प्राप्त ५० सेट तथा केन्द्र र पोखराबाट ल्याएको ५० सेट गरी कुल १०० सेट राहत सामग्री वितरणका लागि लाभग्राही छनोटको मापदण्ड तयार गरिएको छ।

भूकम्पबाट क्षति पुगेका दिव्यदीप माध्यमिक विद्यालय, छोनुप जिन्जु आधारभूत विद्यालय र राष्ट्रिय आधारभूत विद्यालयका आवासीय विद्यार्थीलाई क्रमशः २०/ २० / १० सेट कम्बल तथा म्याट्रेस वितरण गरिएको छ। त्यसैगरी, लोमान्थाङका पाँचवटै वडामा २०/ २० थानका दरले १०० थान त्रिपाल वितरण गर्ने सहमति भएको छ।

नेपाल रेडक्रस सोसाइटी मुस्ताङ जिल्ला शाखाको टोलीले भूकम्पबाट बढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरी क्षतिको अवस्था तथा पूर्ण क्षतिको सर्वेक्षणसम्बन्धी विवरणसमेत सङ्कलन गरेको छ।

### प्राथमिक उपचारका मुख्य उद्देश्यहरू

- ज्यान जोगाउनु,
- अवस्था बिग्रन नदिनु,
- स्वास्थ्य लाभमा सहयोग पुऱ्याउनु ।
- बिरामी अथवा घाइतेलाई तत्काल राहत तथा मानसिक रूपमा खतरामुक्त भएको महसुस गराउनु ।

### शाश्वत वाणी

"उत्कृष्ट काम गर्ने एउटै उपाय भनेको आफूले गर्ने कामलाई प्रेम गर्नु हो ।" –स्टीभ जब्स

स्वास्थ्य सेवा गतिविधि

# डेंगी तथा सर्पदंशको जोखिम न्यूनीकरणसम्बन्धी गतिविधि सम्पन्न

काठमाडौं, भदौ २३ गते । नेपाल रेडक्रस सोसाइटीले समुदायस्तरमा डेंगी तथा सर्पदंशको जोखिम न्यूनीकरण, जनचेतना अभिवृद्धि, समयमै प्राथमिक उपचार तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले देशका विभिन्न जोखिमयुक्त जिल्लामा Dengue and Snakebite Prevention and Response Operation अन्तर्गत रोकथाम तथा नियन्त्रणसम्बन्धी गतिविधिहरू सञ्चालन गरिरहेको छ ।



१६ जुलाईदेखि ३१ अक्टोबर २०२६ सम्म सञ्चालन भइरहेको यस अभियानमा रेडक्रस स्वयंसेवक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका FCHV, जुनियर / युवा रेडक्रस सर्कल तथा स्थानीय तह र स्वास्थ्य संस्थासँगको समन्वयमा समुदाय तथा विद्यालयस्तरीय कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

डेंगी रोकथाम तथा नियन्त्रणतर्फ झापा, सुनसरी, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, कास्की र रुपन्देहीलगायतका जिल्लामा स्वयंसेवक तथा FCHV अभिमुखीकरण, समुदायस्तरीय सचेतना, माइकिङ, IEC सामग्री वितरण तथा लामखुट्टेको प्रजननस्थल पहिचान गरी नष्ट गर्ने Search and Destroy अभियान सञ्चालन गरिएको छ ।

झापाको Eastern Boarding School जुनियर रेडक्रस, शिक्षक, रेडक्रस तथा सुरक्षा निकायको सहभागितामा डेंगी सचेतना र्‍याली आयोजना गरिएको छ । त्यसैगरी कास्कीमा Community Orientation for Search and Destroy, रुपन्देहीमा FCHV को समन्वयमा Search and Destroy तथा ललितपुरमा Search and Destroy अभियान सञ्चालन गरिएको छ । काठमाडौं महानगरपालिका वडा नं. ७, १५ र ३२ तथा चन्द्रागिरी-३ स्थित श्री मंगलदय माध्यमिक विद्यालय क्षेत्रमासमेत समुदाय तथा विद्यालयस्तरीय डेंगी सचेतना कार्यक्रम सञ्चालन भएका छन् ।

सर्पदंश रोकथाम तथा प्राथमिक उपचारतर्फ सिराहा, नवलपरासी पूर्व, सिन्धुली, कैलाली, सप्तरी, सर्लाही, महोत्तरी, रौतहट, कञ्चनपुर, रुपन्देही र झापा लगायतका जिल्लामा विभिन्न गतिविधि सञ्चालन भइरहेका छन् । सिराहा जिल्ला शाखा, नवलपरासी पूर्वको कावासोती नगरपालिका सभा हल, सिन्धुलीको दुधौली-५, सिर्थौलीमा सर्पदंश प्राथमिक उपचारसम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ ।

यस्तै झापाको Eastern Everest English Boarding School कैलालीको दशरथ माध्यमिक विद्यालय, घोडाघोडी-७, साडेपानी र श्री धनगढी नमुना प्राविधिक माध्यमिक विद्यालयमा विद्यालयस्तरीय सर्पदंश सचेतना कार्यक्रम सञ्चालन भएका छन् ।

स्थानीय तह, स्वास्थ्य कार्यालय, FCHV, रेडक्रस स्वयंसेवक तथा जुनियर / युवा रेडक्रसको सहकार्यमा सञ्चालन भइरहेका यी गतिविधिहरूले रोकथाम, जोखिम न्यूनीकरण, जनचेतना, प्राथमिक उपचार र समयमै स्वास्थ्य सेवामा पहुँचलाई केन्द्रमा राखेका छन् ।

यस अभियानमार्फत नेपाल रेडक्रस सोसाइटीले डेंगी तथा सर्पदंशबाट हुन सक्ने स्वास्थ्य जोखिम न्यूनीकरण गर्दै समुदायलाई सुरक्षित, सचेत र विपद् तथा स्वास्थ्य जोखिम सामना गर्न सक्षम बनाउन निरन्तर योगदान पुर्‍याइरहेको छ ।

# निःशुल्क आँखा अपरेसन शिविर सम्पन्न

सिन्धुली, भदौ २८ गते । नेपाल रेडकस सोसाइटी सिन्धुली जिल्ला शाखाको आयोजनामा भएको निःशुल्क आँखा अपरेशन शिविरमा मोतीविन्दु भएका ४९ जनाको अपरेशन गरिएको छ ।




नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखाअन्तर्गतको सामुदायिक आँखा उपचार केन्द्र सिन्धुलीको आयोजना, तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, The fred Hollows foundation / Australian Aid को सहयोग र जानकी आँखा अस्पताल जनकपुरको प्राविधिक सहयोगमा अपरेशन कार्यक्रम सम्पन्न भएको हो ।

शिविरमा बिरामीहरूका लागि महिला पतञ्जली योग समिति सिन्धुलीले दूध र बिस्कुट सहयोग गरेको थियो ।

रसुवा बाढी प्रतिकार्य

# रसुवा बाढी प्रतिकार्य एक महिनाको स्थिति, उपलब्धि र चुनौति

काठमाडौँ, असोज १० गते । रसुवाको भोटेकोशी, त्रिशूलीलगायतका नदी क्षेत्रमा आएको विनाशकारी बाढीको एक महिना बितिसक्दा पनि प्रभावित समुदायको जनजीवन सामान्य बन्न सकेको छैन । बाढीले निम्त्याएको मानवीय तथा भौतिक क्षतिपछि नेपाल रेडक्रस सोसाइटीले तत्कालीन राहतका साथै प्रभावित समुदायको आधारभूत आवश्यकता सम्बोधन, परिवार सम्पर्क पुनर्स्थापना र प्रारम्भिक पुनर्स्थापनाका कार्यलाई निरन्तरता दिइरहेको छ । बेपत्ताहरूको खोजी, विस्थापितहरूको व्यवस्थापन, स्वास्थ्य तथा सरसफाइ सेवा र सुरक्षित आवासको व्यवस्था अहिलेका प्रमुख प्राथमिकता रहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को तथ्याङ्कअनुसार बाढीका कारण हालसम्म १ हजार ४५३ जनाको मृत्यु भएको, ५ हजार ५५० जना बेपत्ता रहेको र १३ हजार ७९५ जनाको उद्धार गरिएको छ । त्यस्तै, ११२ वटा शवको पहिचान गरी परिवारलाई हस्तान्तरण गरिएको छ । बाढीबाट विस्थापित नागरिकहरूलाई रसुवा, नुवाकोट र धादिङका २१ वटा होल्डिङ सेन्टरमा राखिएको छ । तीमध्ये रसुवाका नौ केन्द्रमा ७९९ जना, नुवाकोटका आठ केन्द्रमा १८७ जना र धादिङका चार केन्द्रमा १२१ जना रहेका छन् ।

होल्डिङ सेन्टरमा बस्न नचाहने तथा वैकल्पिक आवासको व्यवस्था गर्न खोज्ने विस्थापित परिवारलाई सहयोग पुऱ्याउन नेपाल सरकारले मासिक नगद सहायता कार्यक्रम घोषणा गरेको छ । यसअन्तर्गत चार सदस्यसम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँ र चार जनाभन्दा बढी सदस्य भएका परिवारलाई थप प्रत्येक सदस्यबापत दुई हजार रुपैयाँ उपलब्ध गराइनेछ । यो सहायता छ महिनासम्म वा वैकल्पिक स्थायी आवासको व्यवस्था नभएसम्म प्रदान गरिने व्यवस्था छ ।

आधारभूत सेवा र स्वच्छ खानेपानीमा जोड: बाढी प्रभावित समुदायमा सुरक्षित खानेपानी तथा सरसफाइ सेवा पुनर्स्थापना गर्न रेडक्रसले विभिन्न गतिविधि सञ्चालन गरिरहेको छ । हालसम्म १८ वटा पानी ट्याङ्की तथा धारा जडान गरी १२ हजार ५६३ जनामा स्वच्छ खानेपानीको पहुँच पुऱ्याइएको छ । धादिङका होल्डिङ सेन्टरहरूमा छ वटा आपत्कालीन शौचालय निर्माण गरी ३५८ जनालाई सेवा उपलब्ध गराइएको छ । मलेखु खानेपानी आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ भने गल्छी गाउँपालिका-६ स्थित जिन्तेटार खानेपानी आयोजनामा पाँच हर्सपावरको सबमर्सिबल पम्प जडान गरी सेवा सञ्चालनमा ल्याइएको छ ।

त्यस्तै, गजुरी गाउँपालिका-५ स्थित गलाउदी होल्डिङ सेन्टरमा पानीको गुणस्तर परीक्षण गरी पिउन योग्य रहेको पुष्टि गरिएको




छ । प्रभावित परिवारलाई एक हजार ८७ वटा हाइजिन किट र ६० वटा डस्टबिन वितरण गर्नुका साथै सरसफाइसम्बन्धी सचेतनामूलक सामग्री पनि उपलब्ध गराइएको छ ।

स्वास्थ्य सेवा र मनोसामाजिक सहयोग: बाढीबाट प्रभावित नागरिकको स्वास्थ्य आवश्यकतालाई ध्यानमा राख्दै नुवाकोटस्थित रेडक्रस आपत्कालीन क्लिनिक (RCEC) मार्फत एक हजार २३९ जनालाई प्रत्यक्ष स्वास्थ्य सेवा प्रदान गरिएको छ । सेवा प्राप्त गर्नेमा ४९३ पुरुष र ७४६ महिला रहेका छन् । त्यस्तै, एक हजार ७१९ जनालाई मनोसामाजिक प्राथमिक उपचार तथा मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग उपलब्ध गराइएको छ । परामर्शका क्रममा प्रभावितहरूमा चिन्ता, निद्रासम्बन्धी समस्या र संवेगात्मक तनावजस्ता समस्या देखिएका छन् ।

विदुर नगरपालिकामा हैजाविरुद्धको खोप अभियान तथा स्वास्थ्य निगरानीमा रेडक्रस स्वयंसेवक परिचालित भएका छन् । यसैगरी, धुन्चे अस्पतालको स्वास्थ्य सेवा निरन्तर सञ्चालनमा सहयोग पुऱ्याउन आवश्यक औषधि हस्तान्तरण गरिएको छ ।

बेपत्ताको खोजी र परिवार सम्पर्क पुनर्स्थापना: बाढीपछि परिवारबाट छुट्टिएका तथा बेपत्ता भएका व्यक्तिहरूको खोजी र आफन्तबीच सम्पर्क पुनर्स्थापना गर्न रेडक्रसले परिवार सम्पर्क पुनर्स्थापना (RFL) सेवा सञ्चालन गरिरहेको छ । हालसम्म दुई हजार २९१ जना बेपत्ता व्यक्तिको खोजीका लागि आधिकारिक रूपमा विवरण दर्ता गरिएको छ । शव व्यवस्थापनलाई सुरक्षित र मर्यादित बनाउन एक हजार ९३० वटा शव व्यवस्थापन झोला वितरण गरिएको छ ।

रसुवा, चितवन, नुवाकोट, कास्की र नवलपरासी पूर्वका पाँच जिल्लामा स्थापना गरिएका हेल्प डेस्कमार्फत परिवार सम्पर्क, सूचना सङ्कलन तथा आवश्यक सहजीकरण भइरहेको छ । धुन्चेमा विद्युत अवरुद्ध भएको अवस्थामा जेनेरेटर प्रयोग गरी प्रभावितहरूलाई मोबाइल चार्जिङ सुविधा उपलब्ध गराइएको थियो । यसबाट प्रभावित नागरिकहरूलाई आफ्ना आफन्तसँग सम्पर्क स्थापित गर्न सहयोग पुगेको छ ।

नगद सहायता र राहत सामग्री वितरण: प्रभावित परिवारलाई आफ्नो प्राथमिकताअनुसार आवश्यक सामग्री खरिद गर्न सहज होस् भन्ने उद्देश्यले रेडक्रसले बहुउद्देश्यीय नगद सहायता कार्यक्रम सञ्चालन गरेको छ । पहिलो चरणमा नुवाकोटको विदुर नगरपालिकाका २६२ र धादिङका १९८ गरी कुल ४६० घरपरिवारलाई नगद सहायता वितरण गरिएको छ ।

त्यस्तै, एक हजार २१८ सेट गैरखाद्य राहत सामग्री वितरण गरिएको छ । प्रभावित परिवारका लागि ५६३ थान त्रिपाल, ७०१ थान म्याट्रेस र एक हजार ३२४ थान कम्बल उपलब्ध गराइएको छ । सडक सञ्जाल अवरुद्ध भएका रसुवाका दुर्गम क्षेत्रमा हेलिकप्टरमार्फत राहत सामग्री ढुवानी गरी प्रभावित समुदायसम्म सहायता पुऱ्याइएको छ ।

बाल संरक्षण र समुदायको सहभागिता: बाढी प्रभावित बालबालिकाको सुरक्षा, मनोसामाजिक अवस्था र सिकाइलाई ध्यानमा राख्दै १८ वटा बालमैत्री स्थानमार्फत एक हजार १८९ बालबालिकालाई मनोसामाजिक तथा शैक्षिक सहयोग प्रदान गरिएको छ । नुवाकोटमा अभिभावकबाट छुट्टिएका १६ जना जोखिममा रहेका बालबालिकाको पहिचान गरी आवश्यक

बाँकी पृष्ठ ५ मा

# रसुवा बाढी...

विवरण दर्ता गरिएको छ ।

प्रभावित समुदायका आवश्यकता, गुनासा तथा सुझावलाई सम्बोधन गर्न रेडक्रसको हटलाइन नम्बर ११३० मार्फत प्राप्त ३५० वटा प्रतिक्रिया, गुनासा तथा सुझावको सुनुवाइ तथा सम्बोधन गरिएको छ । समुदायको आवाजलाई प्रतिकार्यमा समेट्ने उद्देश्यले सञ्चालित यस्ता गतिविधिले सहायता वितरणलाई थप उत्तरदायी र आवश्यकतामुखी बनाउन सहयोग पुऱ्याएका छन् ।

नगद सहयोगले दिएको आत्मविश्वास: नुवाकोटका नगद सहायता प्राप्त लाभग्राही सीता ढुङ्गानाका लागि रेडक्रसबाट प्राप्त सहयोग केवल आर्थिक सहायता मात्र रहेन, कठिन परिस्थितिमा आफ्ना बालबालिकाको आवश्यकता पूरा गर्ने आधारसमेत बन्यो । "बाढीले हाम्रो घरको सामान र सुरक्षाको अनुभूति मात्र होइन, भविष्यप्रतिको आशा पनि बगाएर लग्यो । आमाको रूपमा मलाई आफ्ना छोराछोरीका आवश्यकता कसरी पूरा गर्ने भन्ने ठूलो चिन्ता थियो । रेडक्रसबाट प्राप्त नगद सहयोगले मलाई ठूलो ढाडस दिएको छ । यो केवल पैसा मात्र होइन, यसले मलाई आफ्ना बालबालिकाका लागि लुगा र भान्साका आवश्यक सामान आफैँ रोजेर किन्न पाउने स्वतन्त्रता र आत्मसम्मान दिएको छ । मलाई अहिले हामी एक्लो छैनौँ भन्ने महसुस भएको छ," उहाँले भन्नुभयो ।

चुनौती बिच पुनर्स्थापनाको तयारी: निरन्तरको वर्षा, प्रतिकूल मौसम, पहिरो तथा क्षतिग्रस्त सडकका कारण दुर्गम बस्तीमा राहत सामग्री पुऱ्याउन र प्राविधिक कार्य सञ्चालन गर्न चुनौती कायम छ । विस्थापित परिवारका लागि पर्याप्त अस्थायी आश्रयको व्यवस्था तथा सार्वजनिक स्वास्थ्य जोखिम न्यूनीकरण पनि उत्तिकै महत्वपूर्ण विषय बनेका छन् ।

आगामी दिनमा सहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) को नेतृत्वमा हुने घरधुरी क्षति आकलनमा प्राविधिक सहयोग र समन्वय गर्ने, गजुरी तथा गल्छी गाउँपालिकाको अनुरोधअनुसार बाढीजन्य भग्नावशेष व्यवस्थापनलाई तीव्रता दिने र अस्थायी आश्रयलाई थप सुरक्षित तथा वर्षा प्रतिरोधी बनाउने योजना नेपाल रेडक्रसले अगि सारेको छ । साथै, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र स्थानीय सरकारसँगको सहकार्यमा पुनर्स्थापनाका कार्यलाई एकीकृत रूपमा अगाडि बढाइनेछ ।

बाढीको एक महिनापछि पनि प्रभावित समुदायको आवश्यकता उत्तिकै महत्वपूर्ण रहेको अवस्थामा नेपाल रेडक्रस सोसाइटीले राहत, स्वास्थ्य, खानेपानी, सरसफाइ, संरक्षण र परिवार सम्पर्क पुनर्स्थापनाका कार्यलाई निरन्तरता दिँदै प्रभावित नागरिकको सुरक्षित तथा सम्मानजनक पुनर्स्थापनाका लागि आफ्नो मानवीय सेवा अघि बढाइरहेको छ ।

# शहरी पूर्व तयारी तथा वातावरणीय उत्थानशीलता प्रवर्धन परियोजनाको दोस्रो चरण शुभारम्भ

नवलपरासी, भदौ २ गते । नेपाल रेडक्रस सोसाइटी, स्वीस रेडक्रस सोसाइटी, मध्यबिन्दु नगरपालिका नवलपरासी, तथा सैनामैना नगरपालिका र सिद्धार्थनगर नगरपालिका रुपन्देहीको संयुक्त सहकार्य, सहलगानी तथा साझेदारी रहने गरी शहरी पूर्व तयारी तथा वातावरणीय उत्थानशिलता प्रवर्धन SUPER–II परियोजनाको शुभारम्भ गरिएको छ ।

शुभारम्भ समारोहमा परियोजनाको परिचयात्मक अभिमूखिकरण र परियोजना सञ्चालनका लागि नेपाल रेडक्रस सोसाइटी र ३ वटै स्थानीय निकायहरुका बिचमा सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ ।

SUPER–II परियोजनामार्फत विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी गतिविधि सम्बन्धित स्थानीय तह र नेपाल रेडक्रस सोसाइटीको सहकार्य तथा सहलगानीमा सञ्चालन गरिनेछ । उक्त परियोजनाले स्थानीय तहको विपद् पूर्वतयारी क्षमता अभिवृद्धि तथा समुदायको उत्थानशीलता प्रवर्धनमा योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

शुभारम्भ तथा हस्ताक्षर कार्यक्रममा मध्यबिन्दु नगरपालिकाका नगर प्रमुख भिमलाल अधिकारी, उप प्रमुख पूर्णकला चौधरी तथा सैनामैना नगरपालिकाका नगर प्रमुख फणेन्द्र प्रसाद शर्मा, सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इश्तियाक अहमद खाँ, नेपाल रेडक्रस सोसाइटी नवलपरासी बर्दाघाट सुस्ता पूर्वका सभापति डिल्लीराम कडरिया, नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाका सभापति रामचन्द्र उपाध्याय, ३ वटै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, विपद् फोकल पर्सन, शाखा प्रमुख, नेपाल रेडक्रस सोसाइटी जिल्लाशाखा, नगरपालिका शाखा तथा




उपशाखाका प्रमुख तथा प्रतिनिधि र कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका कार्यक्रम संयोजक पल्लवी सिंह, स्वीस रेडक्रसका प्रतिनिधि घनश्याम सापकोटालगायत र जिल्ला कार्यक्रम अधिकृत, फिल्ड कोअर्डिनेटर लेखा तथा प्रशासन सहायकहरूको उपस्थिती रहेको थियो ।

## मानवीय मूल्य तथा सञ्चार गतिविधि

# Feedback Digitization कार्यशाला सम्पन्न

चितवन, भदौ ४ गते । नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला शाखामा Feedback डिजिटाइजेसन कार्यशाला सम्पन्न भएको छ ।

ब्रिटिस रेडक्रसको सहयोगमा नेपाल रेडक्रस सोसाइटी मानवीय मूल्य तथा सञ्चार विभागसँगको समन्वयमा कार्यशालाको आयोजना गरिएको हो ।

कार्यशालाको प्रथम सत्रमा कार्यक्रमको उद्देश्यहरूबारे जानकारी तथा रेडक्रस अभियानको इतिहास, सिद्धान्त तथा मानवीय सेवामा नेरेसोको योगदानबारे प्रस्तुति र छलफल गरिएको थियो ।

कार्यक्रममा सामुदायिक संलग्नता र जवाफदेहिता (CEA) सम्बन्धी परिचयात्मक सत्र सञ्चालन गरिएको थियो। साथै, नेरेसोलाई समुदायबाट प्राप्त हुने प्रश्न, जिज्ञासा, गुनासो तथा सुझाव व्यवस्थापनलाई प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले Feedback डिजिटाइजेसन सम्बन्धी परिचयात्मक तथा व्यावहारिक सत्र सञ्चालन गरिएको थियो। सहभागीहरूले डिजिटल माध्यमबाट प्रश्न, जिज्ञासा, गुनासो तथा सुझाव र प्रतिक्रिया सङ्कलन, अभिलेखीकरण तथा व्यवस्थापनका विविध पक्षबारे प्रत्यक्ष अभ्यास गर्नुभएको थियो।

कार्यक्रममा चितवन जिल्ला शाखा, उपशाखाका स्वयमसेवक तथा कर्मचारीहरूलाई दुईचरणमा गरिएको अभिमुखीकरणमा ५० जनाबढीको उपस्थिति रहेको थियो।

यस्तै; जानकी आँखा अस्पतालमा पनि सोही मितिमा कार्यशाला आयोजना गरिएको छ । पृष्ठपोषण तथा गुनासा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी, व्यवस्थित तथा प्रविधिमैत्री बनाउने उद्देश्यले स्वयंसेवक तथा कर्मचारीहरूका लागि कार्यशाला आयोजना गरिएको थियो । सो कार्यशालामा जानकी आँखा अस्पतालमा कार्यरत ३८ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।






नेपाल रेडक्रस सोसाइटीले लामो समयदेखि विभिन्न माध्यमहरूबाट सेवा, कार्यक्रम तथा गतिविधिहरूका बारेमा पृष्ठपोषण तथा गुनासा सङ्कलन गरी प्राप्त पृष्ठपोषण तथा गुनासाको उचित सम्बोधन र समुदायको आवश्यकताको आधारमा कार्यक्रममा सुधार गर्दै आइरहेको छ। यसै सन्दर्भमा कार्यशालाको आयोजना गरिएको हो ।

## विपदको समयमा खानेपानी तथा सरसफाईमा विशेष ध्यान दिऔं



- क्लोरीन झोल वा ट्याबलेट हालेर वा उमालेर पानीलाई शुद्धिकरण गरेको पानी मात्र पिऔं।
- शुद्धिकरण गरेको पानी सधैं सफा भाँडामा छोपेर राखौं ।
- पानी निकाल्ने भाँडा सधैं सफा राखौं।
- सडेगलेका, बासी र झिंगा भन्केका खाने कुराहरु नखाऔं।
- काँक्रो, गाँजर, फलफूल जस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा पानीले धोएर खाने गरौं।

विपद् व्यवस्थापन गतिविधि

## पहिरो प्रभावित परिवारलाई राहत वितरण

अछाम, भदौ २ गते । नेपाल रेडक्रस सोसाइटी अछाम जिल्ला शाखाले जिल्लाको साँफेबगर नगरपालिका वडा न ९ को सारडेका पहिरो प्रभावितहरूलाई सहयोग गरेको छ । पहिरो आएलगत्तै जोखिममा रहेका मानिसहरूलाई स्थानीयको सहयोगमा सुरक्षित स्थानमा लगि पहिरोको जोखिम कम गर्नका लागि त्रिपाल सहयोग गरेको छ । साथै पहिरो प्रभावित परिवारहरूलाई आवश्यकताका आधारमा खाद्यान्न पनि वितरण गरेको छ ।

उद्धार तथा सहयोगका लागि त्रिपुरासुन्दरी विपद् व्यबस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, अछाम जिल्ला शाखाका स्वयमसेवक, युवा रेड्क्रस सर्कल साँफेवगर ९, सुरक्षित नेपाल परियोजनाका कर्मचारी तथा साँफेबगरबाट नेपाल प्रहरीको सहयोग रहेको थियो ।



## पहिरो प्रभावित परिवारलाई बहुउद्देश्यीय नगद सहयोग

बाजुरा, साउन २८ गते । नेपाल रेडक्रस सोसाइटी बाजुरा जिल्ला शाखाले पहिरोवाट प्रभावित जिल्लाका ५९ परिवारलाई वहुउद्देश्यीय नगद सहयोग हस्तान्तरण गरेको छ ।

गत साउन २८ गते बाजुरा जिल्लाको त्रिवेणी नगरपालिका वडा नं ९ ताम्सुमा गएको पहरोबाट प्रभावित बनेका परिवारहरूलाई जीवन यापनको सहजताका लागि सुरक्षित नेपाल परियोजनामा रहेको (Quick Action Fund –QAF) मार्फत प्रति परिवार रु १५ हजार प्रदान गरिएको हो ।

बाजुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौला, त्रिवेणी नगरपालिकाका नगरप्रमुख कर्ण वहादुर थापा, सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनी, सशस्त्र प्रहरी बलका प्रहरी नायव उपरीक्षक मोहनवहादुर केसी, राष्ट्रिय अनुसन्धानका कविन्द्र भण्डारी, नेपाल रेडक्रस सोसाइटी बाजुरा जिल्ला शाखाका सभापति मेखराज जोशीलगायत जिल्ला शाखाका पदाधिकारी एवं त्रिवेणी न.पा. ९ का वडाअध्यक्ष नन्दवहादुर थापालगायतको उपस्थितिमा नगद सहयोग वितरण गरिएको थियो । सो सहयोग रकम प्रभावितहरूको बैंक खातामार्फत उपलब्ध गराइएको हो ।



**नगद तथा भौचर सहायता हस्तान्तरणपछि लाभग्राहीहरूसँग रेडक्रसका प्रतिनिधिहरू**

## आधारभूत विपद् स्वयंसेवक परिचालन तालिम सम्पन्न

रौतहट, भदौ ८ गते । नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको आयोजनामा आधारभूत विपद् स्वयंसेवक परिचालन तालिम गौरमा सम्पन्न भएको छ ।

समुदायस्तरमा युवा स्वयंसेवकहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्य तालिमको आयोजना गरिएको हो । तालिममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को प्राविधिक सहयोग र कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA)ले UNFPA नेपालमार्फतको आर्थिक सहयोग रहेको छ ।

तालिममा खोज तथा उद्धार, प्राथमिक उपचार तथा आधारभूत जीवन सहायता, बाढी उद्धार तथा जल सुरक्षा, निकासी योजना, पूर्वसूचना प्रणालीको प्रतिकार्य, भार उठाउने तथा भग्नावशेष व्यवस्थापन, साथै विपद् प्रतिकार्यमा यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (SRHR), आपत्कालीन अवस्थामा SRHR का लागि MISP, लैङ्गिक हिंसा (GBV) जोखिम न्यूनीकरण तथा संरक्षणसम्बन्धी विषयहरूमा सहजीकरण गरिएको थियो । जसमा गौर नगरपालिकाका महिला तथा पुरुष युवा स्वयंसेवकहरू २४ जनाको सहभागिता रहेको थियो ।




**अत्यधिक गर्मी प्राणघातक हुन्छ ।**

**हरेक वर्ष अत्यधिक तापक्रमले मानिसहरूको ज्यान लिने गरेको छ । तसर्थ, अति तापक्रमको अवस्थामा आफू सुरक्षित रहनुहोस् ।**

## मानवीय नवप्रवर्तन र युवा सहभागिता विषयक विशेष बैठक तथा छलफल

काठमाडौं, भदौ ३ गते। नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय स्थित जुनियर तथा युवा विभागमा मानवीय नवप्रवर्तन र युवा सहभागिता विषयक विशेष बैठक तथा छलफल सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालको सभापतित्वमा भएको बैठकमा क्ष्च्ऋ नेपालका प्रमुख डेभिड फिसर, तदर्थ समितिका सदस्यहरू पुष्पा दास, अविस्मी न्यौपाने, स्वास्थ्य विभाग, जुनियर तथा युवा विभागका प्रतिनिधि साथै निम्याट नेपालका कार्यकारी निर्देशक मधुसुन काफ्लेलगायतको सहभागिता रहेको थियो।

छलफल विशेष गरी "Youth Innovation hubÆ / Youth@EndTB Initiative को रणनीतिक कार्यान्वयन र विस्तारमा केन्द्रित थियो। यो पहल नेपाल रेडक्रस सोसाइटी र निम्याट ग्लोबलको संयुक्त आयोजना तथा IFRC नेपालको सहयोगमा सञ्चालन हुदैछ।




बैठकले जुनियर र युवा रेडक्रस नेटवर्कलाई रूपान्तरण गर्ने सामूहिक प्रतिबद्धतालाई अगाडि बढाउदै 'स्थानीय समस्या–स्थानीय समाधान' (LPLS) ढाँचामार्फत, युवाहरूलाई परम्परागत स्वयंसेवकको भूमिकाबाट माथि उठाएर समुदायस्तरका दिगो सामाजिक समाधानका सर्जक (architects of community resilience) को रूपमा स्थापित गर्ने लक्ष्य रहेको छ।

## जुनियर रेडक्रस सर्कलका शिक्षक नायकहरुको लागि क्षमता अभिवृद्धि तालिम

जाजरकोट, भदौ ८ गते। नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाले जिल्लाको शिवालय गाउँपालिकाका जुनियर रेडक्रस सर्कलका शिक्षक नायक तथा सहयोगी शिक्षक नायकहरूको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरेको छ। शिवालय गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाको साझेदारीमा सञ्चालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता (SUDHAR) परियोजनाअन्तर्गत तालिम सम्पन्न भएको हो।




तालिममा जुनियर रेडक्रस सर्कल गठन तथा सञ्चालन प्रक्रिया, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना र भूमिकाहरू, तीनतारे विद्यालयको अवधारणा, विपद् जोखिम न्यूनीकरण तथा सुरक्षित विद्यालय, जलवायु परिवर्तन अनुकूलन, यौन तथा प्रजनन स्वास्थ्य तथा विद्यालयको कार्ययोजना निर्माण लगायतका विषयमा प्रस्तुति, समूह कार्य, छलफल र अभ्यासमार्फत सहजीकरण गरिएको थियो।

तालिमको सहजीकरण शिवालय गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख शिक्षा अधिकृत मान बहादुर वस्नेत, विपद् सम्पर्क व्यक्ति उदयवहादुर राना, नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयका स्वास्थ्य अधिकृत जगन्नाथ चौधरी र नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाका कार्यक्रम अधिकृत शैलेश श्रेष्ठले गर्नुभएको थियो। तालिममा शिवालय गाउँपालिकाभित्रका १३ वटा विद्यालयका शिक्षक नायक तथा सहयोगी शिक्षक नायक गरी २४ जनाको सहभागिता रहेको थियो।